महाबु गाउँपालिका दैलेखको आ.व. २०८१/०८२ को पहिलो चौमासिकमा सम्पन्न भएका योजना, विकास निर्माण र सेवा प्रवाहको विषयमा आयोजित

# सार्वजनिक सुनुवाई

२०८१ माघ ४ गते, महाबु गाउँपालिका, दैलेख

## कार्यक्रम प्रतिबेदन




महाबु गाउँपालिका, दैलेख

बास नेपाल

## महाबु गाउँपालिका दैलेखको आ.व. २०८१/०८२ को पहिलो चौमासिकमा सम्पन्न भएका योजना, विकास निर्माण र सेवा प्रवाहको विषयमा आयोजित

# सार्वजनिक सुनुवाई

### २०८१ माघ ४ गते, महाबु गाउँपालिका, दैलेख

## कार्यक्रम प्रतिवेदन

### १. सहजिकरण गर्ने संस्थाको परिचय :–

बास नेपाल बिगत २४ बर्ष देखि सामाजिक रुपान्तरणका लागि क्रियाशिल राष्ट्रिय गैर सरकारी संस्था हो । २०५७ मंसिर २४ गते स्थापित यो संस्था देशमा ब्याप्त भ्रष्टाचार, अनियमितता, ढिलासुस्ति, घुसखोरी जस्ता बेथितिका बिरुद्ध ससक्त रुपमा क्रियाशिल रहँदै आएको छ । ७७ जिल्ला शाखा, २० उपशाखा, ८० ईकाई र ५ हजार बढि युवाहरु आबद्ध भएको यस संस्थाले असल शासन, सामाजिक जवाफदेहिता, सामाजिक सद्भाव, सामुदायिक सुरक्षा, युवा सशक्तिकरण, स्वयंसेवा, बाल अधिकार, बाल संरक्षण, लैंगिक हिँसा न्यूनिकरण, सामुदायिक सशक्तिकरण र संस्थागत बिकासका क्षेत्रमा काम गर्दै आईरहेकोछ । बास भ्रष्टाचार बिरुद्धको बिश्वव्यापी संस्था ट्रान्सपरेन्सी ईन्टरनेशनल नेपालको आबद्ध संस्था हो ।

### २. कार्यक्रमको पृष्ठभुमि :–

राज्य संचालनको गुणस्तरियताले जनताको जीवनमा निरन्तर प्रभाव पार्दछ । लोकतन्त्रमा सरकारले नागरिकप्रति जवाफदेहि भएर उनीहरुको चित्त बुझाउनु पर्दछ । सार्वजनिक निकायमा बस्नेहरुले कस्तो काम गरिरहेका छन् भनेर नागरिकले चासो राखिरहेका हुन्छन् । त्यसैले राज्य संयन्त्रबाट दिइने सेवा, सुविधा र बस्तुको गुणस्तरका वारेमा सार्वजनिक मञ्चबाट नागरिकले उठाएका प्रश्नको उत्तर दिनु सार्वजनिक पद धारण गरेका ब्यक्तिहरुको जवाफदेहिता अन्तर्गत पर्दछ । यस्तो जवाफदेहिता अधिकारमा बसेका जिम्मेवार ब्यक्ति र सेवाग्राहि नागरिकका विच गरिने सार्वजनिक सुनुवाइका माध्यामबाट खोज्न सकिन्छ । यसरी संचालन गरिने सार्वजाीक सुनुवाइबाट सार्वजनिक निकायहरुलाई उनिहरुले गरेको कामको पृष्टपोषणपनि हुन्छ । अनि सरकारी निकाय र नागरिकको विचमा रहेको अविश्वास घटेर जान्छ र सार्वजनिक निकायले अगाडि सारेका हरेक काम कारबाहिप्रति नागरिकमा अपनत्वको भावना पनि जाग्छ । सर्वसाधारण नागरिक र अधिकारमा बसेका ब्यक्तिहरुका बीचमा सार्वजनिक चासोको विषयमा हाकाहाकि प्रश्नेत्तर गर्ने सामुदायिक मञ्चलाई सार्वजनिक सुनुवाई भनिन्छ । यसले स्थानीय नागरिकहरुमा विकास योजना प्रति अपनत्वको भावना विकास गर्नुका साथै पारदर्शिताको अभ्यास गर्दछ । आफ्नो कार्यालयले वर्ष भरीमा सञ्चालन गरेका गतिविधिको प्रभावकारीताका लागि अनिवार्य सार्वजनिक सुनुवाई गर्नु पर्ने राज्यले व्यवस्था गरे अनुसार स्थानिय निकाय सार्वजनिक सुनुवाइ कार्यविधि -२०६८ समेत लागु भएको थियो । सार्वजनिक सुनुवाइले सर्वसाधारण नागरिकलाई अधिकारमा बसेका ब्यक्ति नजिक पुग्ने र आफ्ना असन्तुष्टि पोख्ने अवसर दिन्छ । त्यसैले यसलाई सर्वसाधारणको पहुँच अधिकारमा बस्नेहरु सम्म पनि भन्ने गरिन्छ ।

सुनुवाईमा पछाडिपरेका, दलित, अल्पसंख्य,अपाङ्ग सर्वसाधारण नागरिकहरुको उपस्थिती उल्लेखनीय हुनु पर्दछ । हाल सार्वजनिक सुनुवाइलाई बिभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुले अबलम्बन गरेर आफ्ना कार्यक्रम

बनाएर सञ्चालन गरी रहेका छन् । स्थानीय सरकार संचालन ऐन २०७४ मा पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्वको लागि सार्वजनिक सुनुवाई गर्नुपर्ने प्राब्धान गरेको छ । सुशासन ऐन-२०६४ को दफा ३० मा सार्वजनिक सुनुवाई गराउनु पर्ने व्यवस्था गरी कानूनी व्यवस्था गरिएको छ। त्यसैगरी सुशासन नियमावली-२०६५ को नियम १९ ले सार्वजनिक निकायले प्रत्येक ४ महिनामा कम्तिमा एउटा सुनुवाई गर्नु पर्ने व्यवस्था गरेको छ । स्थानीय सरकार संचालन कार्यबिधि २०७४ को परिच्छेद १० को दफा ७८ को उपदफा ५ मा स्थानीय सरकारले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही वनाउन सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण तथा सार्वजनिक परीक्षण गर्नुपर्ने ब्यवस्था छ । पछिल्लो समयमा आएर स्थानीय तहहरुले यो संयन्त्रलाई आत्मसात गरी सार्वजनिक सुनुवाई सञ्चालन गदै आएका छन् । सोहि कुरालाई मध्येनजर गर्दै महाबु गाउँपालीकाको आयोजना र बास नेपालको सहजिकरणमा महाबु गाउँपालीकाको आर्थिक वर्ष २०८१/०८२ को पहिलो चौमासिक सार्वजनिक सुनुवाई सम्पन्न भएको छ । सुनुवाईमा गाउँपालिकाले संचालन गरेका विकास निमार्णका गतिविधि र कार्यालयबाट प्रबाह गरिएका सेवाको प्रभावकारिताबारे खुला छलफलका लागि महाबु गाउँपालिका कार्यालयको परिसरमा सार्वजनिक सुनुवाइ सम्पन्न भएको छ ।

## ३. कार्यक्रमका उद्धेश्यहरु :

- गाउँपालिकाले प्रदान गर्ने सेवा तथा सुविधाका बारेमा नागरिकहरुलाई जानकारी गराउने ।
- गाउँपालिकाले प्रदान गर्ने सेवा र सुबिधाका बारेमा छलफल/बहस गर्ने ।
- गाउँपालिकासँग सम्बन्धित गुनासोहरु सुनुवाई गरि गुनासो व्यवस्थापन गर्ने तथा पृष्टपोषण लिने ।
- पालिकाका गतिबिधिहरुको समिक्षा गरि भावि कार्ययोजनाका लागि सुझाब संकलन गर्ने ।
- सेवाग्राहीबाट आएका गुनासोको सुनुवाई गर्न साझा सार्वजनिक प्रतिवद्धताको घोषणा गर्ने ।

## ४. सार्वर्जजनिक सुनुवाई संचालनका क्रममा अवलम्बन गरिएका विधिहरु :

महाबु गाउँपालिकाले प्रदान गर्ने सेवा र सुविधाको प्रभावकारिता बिषयक सार्वजनिक सुनुवाई गर्नु पूर्व निम्न बिधिहरु अवलम्बन गरिएको थियो :

*क. सहजकर्ताको छनौट तथा सम्झौता :*

महाबु गाउँपालिकाले नियमित रुपमा गर्दै आएको सार्वजनिक सुनुवाईलाई निरन्तरता दिदै यस आ.व. २०८१/०८२ मा समेत ३ पटक सार्वजनिक सुनुवाई गर्ने गरी तयारी गरेको थियो । सुनुवाई सहजिकरणको लामो अनुभव भएको बास नेपाललाई गाउँपालिकाले सहजिकरणका लागि छनौट गरेको थियो । संस्था छनौट गरे पश्चान सुनुवाई सञ्चालनका लागि बास र गाउँपालिका बिच सम्झौता भएको थियो ।

*ख. ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययन :*

सार्वजनिक सुनुवाइ कार्यक्रम गर्नु पुर्व आयोजक संस्थाका प्रतिनीधि र सहजिकरणको जिम्मा पाएको संस्था बिच स्थानीय सरकार संचालन ऐन २०७४, सुशासन ऐन २०६४ तथा नियमावली, २०६५, स्थानीय निकाय सार्वजनिक जवाफदेहिता प्रबर्द्धन कार्यविधि, २०७७, लगायतका निर्देशिका र कार्यविधिहरुको विस्तृत अध्यायन गरिएको थियो ।

*ग. सार्वजनिक सुनुवाइको लागि सूचना तथा प्रचार प्रसार र पत्राचार :*

सार्वजनिक सुनुवाई कार्यक्रम संचालन हुने विषयमा सार्वजनिक सुनुवाई कार्यक्रमको व्यापक सूचना प्रबाह र प्रचार प्रसारकालागि गाउँपालिकामा सबैलाई सार्बजनिक सुचना गरिएको थियो । आम नागरिकहरुको व्यापक सहभागिताका लागि कार्यक्रम हुनुअगाबै सार्वजनिक सूचना प्रकाशन, जिल्लाका २ वटा एफएम रेडियोबाट सूचना प्रसारण गरिएको थियो । बिशेष गरि गाउँपालिका, वडा कार्यालय र स्वयंमसेवकहरु मार्फत सबै वडाका स्थानीय नागरिकहरुलाई सुनुवाईमा आमन्त्रण गरिएको थियो ।

*घ. मिति, समय र स्थान निर्धारण :*

गाउँपालिका र बास बिच छलफल पश्चात गाउँपालिका कार्यालयको परिसरमा खुल्ला रुपमा २०८१ माघ ४ गते शुक्रबार अपरान्ह १२ बजे देखि कार्यक्रम गर्ने समय निर्धारण गरिएको थियो ।

*ङ. नागरिक प्रतिबेदन (नागरिक सन्तुष्टि सर्वेक्षण) संकलन :*

महाबु गाउँपालिकाल प्रदान गर्ने सेवा तथा सुविधाको बिषयमा ५० जना सेवाग्राहीहरुबाट नागरिक प्रतिबेदन पत्र (नागरिक सन्तुष्टि सर्वेक्षण) संकलन गरिएको थियो ।

च. सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन

महाबु नगरपालिकाको आ.व. २०८१/०८२ को पहिलो चौमासिकमा सम्पन्न भएका योजना, विकास निर्माण र सेवा प्रवाहको विषयमा सार्वजनिक सुनुवाई सम्पन्न भएको छ । महाबु गाउँपालिकाको आयोजना तथा बास नेपालको सहजिकरणमा २०८१ माघ ४ गते भएको सुनुवाईमा नागरिकहरुले गाउँपालिकासंग विकासका बिभिन्न माग राखेका थिए । गाउँपालिका भित्रका बिभिन्न बस्तिहरुमा बाटो तथा सडक निर्माणमा पालिका र वडाको ध्यान जान नसकेको भन्दै नागरिकहरुले विकासको माग गरेका हुन् । सार्वजनिक सुनुवाईका अधिकाँस सहभागिहरुले बाटो, घाटो, सडक र पुलपुलेसोकै माग गरेका थिए । पालिकाभित्र बिभिन्न योजना निर्माणको लागि ठेक्का भइ काम सञ्चालन हुने तर काम सम्पन्न नहुदैं अधुरो छोड्ने समस्या भएको नागरिकहरुको भनाइ थियो । सहभागीले सडक, बाटोघाटो, नाला तथा ढल निकास, लक्षित वर्ग केन्द्रित कार्यक्रम, शिक्षा, स्वास्थ्य लगायतका विषयमा सरोकावालालाई प्रश्न गरेका थिए ।

सहभागिहरुले गरेको प्रश्नको जवाफ दिदै गाउँपालिका अध्यक्ष जैग बहादुर शाहीले पालिका भित्रका सबै टोल तथा बस्ति जोड्ने गरि बाटो तथा सडक निर्माणमा लागिपरेको बताए । बिगतका वर्षहरुदेखि अधुरा रहेका विकास योजनाको जिम्मा पाएका निर्माण ब्यवसायीहरुलाइ सम्पर्कमा आइ काम गर्नका लागि पत्राचार गरिसकिएको र तत्काल छलफल गरी काम सुचारु गर्ने गरी लागिपरेको अध्यक्ष शाहीको भनाइ थियो । कार्यक्रममा उपाध्यक्ष मञ्जु कुमारी शर्मा (पाण्डे) ले सबै विकास एकै पटकमा सम्भव नहुने बताउदै आवश्यक्ताको आधारमा क्रमागत रुपले विकास हुँदै जाने र पालिकाले अवको केहि वर्षभित्र पालिकाले विकासको दृष्टिकोणले फड्को मारेको हेर्न सकिने गरि काम गर्ने बताइन् । पालिकाभित्र निर्माण हुने योजना, बिध्यालय र बिभिन्न क्षेत्रको नियमित अनुगमन गरिने सरोकारवालहरुले बताएका थिए । सार्वजनिक सुनुवाइमा प्रमुख प्रशासकिय अधिकृत उदयराज उपाध्याय, वडा अध्यक्ष र शाखा प्रमुखहरुले समेत सहभागिहरुको प्रश्नको जवाफ दिएका थिए ।

सार्वजनिक सुनुवाए उठान भएका विषयको आधारमा विभिन्न ७ बुदें साझा सार्वजनिक प्रतिबद्धता घोषणा गरिएको थियो । घोषणा गरिएका प्रतिवद्धताहरुमा पालिकाभित्रका स्वास्थ्य संस्थाबाट निशुल्क उपलब्ध हुने औषधिको अभाव हुन नदिन बिबिधता अपनाउने, शिक्षा र स्वास्थ्यको गुर्णस्तर बृद्धी गर्न नियमित रुपमा अनुगमन गर्ने, पालिकाभित्र निर्मार्णधिन, र अधुरा योजनाहरुको काम सम्पन्न गर्नका लागि निर्माण ब्यवसायीलाइ पत्राचार गरी छलफलका माध्यामबाट तत्काल काम सुचारु गर्न लगाउने, पालिकामा खानेपानीको समस्या समाधान गर्न अधुरो खानेपानी योजनालाइ पुर्णता दिन आवश्यक समन्वय गर्ने, पालिकाभित्रका सबै बिध्यालयहरुमा क्षात्र र क्षात्राको लागि छुट्टाछुट्टै सौचालयको ब्व्यस्थापन गर्न आगामि आ.व. को योजनामा समावेश गर्ने, सार्वजनिक सुनुवाइको प्रभावकारिताको लागि आगामी दिनमा घुम्ति सार्वजनिक सुनुवाइ गर्ने र वडा स्तरमा समेत सार्वजनिक सुनुवाइको आयोजना गर्ने रहेका छन् । बास नेपालका कार्यक्रम प्रवन्धक मन भण्डारीले सहजिकरण गरेको सुनुवाईको शुरुवातमा गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत उदयराज उपाध्यायले यो अवधीमा गरेका कामहरु, सम्पन्न योजना र सेवा प्रवाह सम्बन्धिको प्रतिवेदन प्रस्तुत गरेका थिए । कार्यक्रम हुनु पुर्व संकलन गरिएको नागरिक सन्तुष्टि सर्वेक्षणको नतिजा प्रस्तुत गरिएको थियो ।

तस्विरमा सुनुवाईका केही झलकहरु :





सुनुवाईको सहजिकरण गर्दै सहजकर्ता मन भण्डारी बाँया तथा प्रश्नको जवाफदिदै गाउँपालिकाका उपाध्यक्ष मञ्जु शर्मा दाँया ।






प्रतिवेदन प्रस्तुत गर्दै गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत उदयराज उपाध्याय बायाँ तथा सहभागिहरु दाँया ।

### ज. सार्वजनिक सुनुवाइमा उठान भएका मुख्य सवालहरु :

सार्वजनिक सुनुवाइमा शिक्षा, स्वास्थ्य र विकास निर्माणका बिषयमा बढी प्रश्नहरु आएका थिए, सडक, ढल निर्माण, पुलपुलेसा निर्माण, लक्षित वर्ग केन्द्रित कार्यक्रम, बिकास निर्माण, बिद्युतीय समस्या लगायतका दर्जनौं बिषयमा गाउँपालिकाबासिहरुले जिज्ञाशा, गुनासो तथा प्रश्न राखेका थिए ।

### ज. प्रतिवद्धताको सार्वजनिकरण :

सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएपछि सार्वजनिक सुनुवाईमा उठेका सवाल वा बिषयहरु, सुनुवाईको क्रममा सोधिएका प्रश्न तथा जवाफहरुको आधारमा सुधारको लागि ७ बुंदे साझा सार्वजनिक प्रतिबद्धताहरुको घोषणा गरिएको थियो । ७ बुँदे प्रतिवद्धताहरु प्रतिवेदनको अनुसुची मा संलग्न गरीएकोछ ।

### ५. सार्वजनिक सुनुवामा सहभागिहरु उपस्थिती संख्या :

महाबु गाउँपालिकाको आयोजना र बास नेपालको सहजिकरणमा सम्पन्न सार्वजनिक सुनुवाई कार्यक्रममा गाउँपालिकाको सबै वडाबाट सेवाग्राही, वडा कार्यालयका पदाधिकारी, सदस्यहरु, बिभिन्न सञ्जालका प्रतिनिधि, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि, शिक्षक, विद्यार्थी, बुद्धिजिबी, विभिन्न संघ, संस्थाका प्रतिनिधी लगायत विभिन्न विषयगत कार्यालयका सहभागिहरुको समेत सहभागिता रहेको थियो ।

**सहभागिहरुको लैंगिक र जातिय उपस्थिती विवरण :**

| क.स. | महिला | पुरुष | दलित | जनजाति | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २२ | ८१ | १६ | १३ | ७४ | १०३ |

### ६. जवाफदेहि बक्ताहरु:

**सार्वजनिक सुनुवाई कार्यक्रममा तपसिल अनुसारका जबाफदेहि बक्ताहरुको अर्थपूर्ण सहभागिता रहेको थियो ।**

| क.स. | नाम | पद | निकाय |
|---|---|---|---|
| १. | जंग बहादुर शाही | अध्यक्ष | महाबु गाउँपालिका |
| २. | मञ्जु मुमारी शर्मा (पाण्डे | उपाध्यक्ष | महाबु गाउँपालिका |
| ३. | उदयराज उपाध्याय | प्रमुख प्रशासकिय अधिकृत | महाबु गाउँपालिका |
| ४. | सर्वराज सार्की | वडा अध्यक्ष | महाबु गाउँपालिका वडा नं. १ |
| ५. | प्रकाश राज थापा | वडा अध्यक्ष | महाबु गाउँपालिका वडा नं. २ |
| ६. | कृष्ण प्रसाद दहाल | वडा अध्यक्ष | महाबु गाउँपालिका वडा नं. ३ |
| ७. | राम बहादुर शाही | वडा अध्यक्ष | महाबु गाउँपालिका वडा नं. ४ |
| ८. | दिप बहादुर शाही | वडा अध्यक्ष | महाबु गाउँपालिका वडा नं. ५ |
| ९. | रेशम बहादुर थापा मगर | वडा अध्यक्ष | महाबु गाउँपालिका वडा नं. ६ |
| १० | कार्यपालिका सदस्यहरु | कार्यपालिका सदस्य सबै | महाबु गाउँपालिका |

| | | | |
|---|---|---|---|
| ११ | शाखा प्रमुखहरु | सबै | महाबु गाउँपालिका |

### ७. सवल पक्षहरु

प्रभावकारी सेवा, सुविधा तथा गुणस्तरीय विकास कार्यक्रम, बिकास निर्माण, सरसफाई बारे खुला छलफल गरी नागरिकका गुनासा तथा रचनात्मक सुझाब राख्नका लागि महाबु गाउँपालिकाको आयोजना तथा बासको सहजिकरणमा सञ्चालन भएको सार्वजनिक सुनुवाई एक सफल कार्यक्रमको रुपमा स्थापित भएकोछ । यो कार्यकम सञ्चालनको क्रममा पाईएका केहि सवल पक्षहरु निम्नानुसार रहेका छन् ।

१. सार्वजनिक सुनुवाई कार्यक्रम सुशासन ऐन, नियमावली तथा *स्थानिय सरकार संचालन ऐन २०७४,* सार्वजनिक जवाफदहिता प्रवर्द्धन कार्यबिधि-२०७७ मा भएको व्यवस्था अनुसार सम्पन्न भएको छ ।

२. सार्वजनिक सुनुवाई कार्यक्रममा गाउँपालिकाको सेवा प्रबाहको अवस्था, मूख्य-मूख्य उपलब्धिहरु, नयाँ कार्यहरु र आगामी योजना तथा वजेट वारे जानकारी गराउने काम भएको छ ।

३. सहभागिहरुले गुनासा, जिज्ञासा, सुझाब स्वस्फूर्त रुपमा धक फुकाएर अभिव्यक्त गरेका छन् ।

४. सार्वजनिक सुनवाइको आचारसंहिता प्रस्तुत सहित अनुमोदन गरी कार्यक्रम संचालन गरिएको थियो ।

५. सहभागिहरुबाट उठान गरिएका सवालहरु तथा सुझाबहरुको जबाफदेहि बक्ताहरुबाट चित्तबुझ्दो जबाफ खोज्ने काम भएको थियो भने सहजकर्ताबाट थप प्रष्ट पार्नका लागि प्रभावकारी रुपमा सहजिकरण गरिएको थियो ।

६. कार्यक्रमको अन्तमा छलफल भएका विषयवस्तुहरुलाई संक्षेपीकृत गरी ७ बुँदे प्रतिवद्धता तयार र सार्वजनिकीकरण गरी जबाफदेहि बक्ताहरुलाइ हस्ताक्षर गराईएको थियो ।

७. सुनुवाईमा गाउँपालिका अध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत, वडा अध्यक्षहरु, शाखा प्रमुखहरुको उपस्थित हुनुले सुनुवाई प्रभावकारी भएको थियो ।

### ८. सुधारका लागि सुझाब

१. सार्वजनिक सुनुवाईमा गरिएका प्रतिबद्धताहरु कार्यान्वयनमा ध्यान दिनु पर्ने देखिन्छ ।

२. सार्वजनिक सुनुवाइमा सबै जनप्रतिनिधिहरुको अनिवार्य सहभागिता गराउन पालिकाले ध्यान दिनुपर्छ ।

३. सार्वजनिक सुनुवाइमा ब्यापक जनसहभागिताको लागि सबैलाइ पायक पर्ने स्थानमा कार्यक्रमको आयोजना गर्नुपर्ने देखिन्छ ।

४. चौमासिक अवधिमै कार्यक्रम आयोजना गर्नुपर्ने ।

### ९. कार्यक्रमका उपलव्धिहरु :

- गाउँपालिकाले प्रदान गर्ने सेवा तथा सुविधाको प्रभावकारीताका बिषयमा सरोकारवाला र सेवाग्राही बिचमा ब्यापन छलफल भएको छ ।
- गाउँपालिकासंग सम्बन्धित गुनासोहरु सुनुवाई गरि गुनासो व्यवस्थापन गर्न साझाँ प्रतिबद्धता गर्ने र गराउने कार्य भएको छ ।
- गाउँपालिकाले प्रदान गर्ने सेवा र सुबिधाको प्रभाबकारिताका बिषयमा गाँउपालिकाबासिहरुको तर्फबाट पृष्टपोषण लिने काम भएकोछ ।

- अर्धबार्षिक गतिबिधिहरुको समिक्षा गरि भावि कार्ययोजनाका लागि सुझाब संकलन गर्ने काम भएको छ ।
- सेवाग्राहीबाट आएका गुनासोको सुनुवाई गर्न ७ बुदें साझा प्रतिवद्धताको घोषणा गर्ने काम भएको छ ।

### *अनुसूची १*

१. सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ ।

२. सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ ।

३. सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो परिचय सहित प्रश्न, जिज्ञासा वा सुझाब के हो राख्नुपर्नेछ ।

४. सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदांगत रुपमा छोटकरीमा प्रश्न प्रतिक्रिया राख्नु पर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बिते पछि तत्काल प्रस्तुती रोक्नुपर्नेछ ।

५. आफू भन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउन जरुरी हुने छैन ।

६. चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाईनेछ ।

७. सहभागीले बिना आधार कसै प्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाईने छैन ।

८. सुनुवाईका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाई राख्न वा बोल्न पाईने छैन ।

९. सुनुवाईलाई बिथोल्ने प्रयास कतैबाट भएको पाईएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधानखोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ ।

१०. सुनुवाईलाई विषयान्तर हुनबाट जोगाउन सबै सहभागि सचेत हुनु पर्नेछ ।

## *अनुसूची २*

### *साझा सार्वजनिक प्रतिबद्धताको घोषणा*

सार्वजनिक निकाय वा संस्थाले गर्ने गतिविधिका बारेमा सरोकारवालाहरुलाई जानकारी दिने, साझा सवालमा बहस, पैरबि गर्ने पद्धतिको विकास गर्ने उदेश्यले संचालन गरिने कार्यक्रम सार्वजनिक सुनुवाई कार्यक्रमको अवधारणालाई अंगिकार गर्दै, लक्षित वर्ग र सेवाग्राहिक प्रति जवाफदेही र पारदर्शि भएको बोध गराउने प्रतिबद्धता व्यक्त गर्दै :

पारदर्शी शासन व्यवस्था, उत्तरदायी प्रशासनयन्त्र, सहभागिता मूलक पद्धति र निर्बाध रुपमा सुचना सम्मको पहुंचको प्रत्याभुति गर्न :

लक्षित वर्गको जनसहभागिता अभिबृद्धि गर्न र लक्षित वर्ग वा समुदायका लागि गरिएका कार्यहरुमा अपनत्वको भावना जागृत होस् भन्ने कुराको आशा गर्दै :

अधिकारवाला र सर्बसाधारणका बीचमा रहेको आपसी अबिश्वास, असन्तुष्टि र बेमेलका कुराहरुका बारेमा छलफल गरी अबिश्वासका दूरीलाई घटाउने उद्बेश्य राख्दै :

समुदायको पहरेदारी बृद्धि गर्न विबिधता अपनाउनु पर्ने कुरालाई जोड दिंदै :

सार्वजनिक सेवा प्रबाह चुस्त, दुरुस्त पार्नका लागि पृष्ठपोषण लिने उद्देश्य लिदैं :

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद १० को दफा ७८ को उपदफा ५ मा स्थानीय सरकारले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही वनाउन सार्वजनिक सुनुवाई, गर्नुपर्ने व्यवस्था र सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धिको कार्यबिधि २०७७ को मर्मलाई आत्मसाथ गर्दै ।

आज मिति २०८१ माघ ४ गतेका दिन महाबु गाउँपालिका को आ.व. २०८१/०८२ को पहिलो चौमासिक **सार्वजनिक सुनुवाई** कार्यक्रम बागेश्वरी असल शासन क्लब (बास नेपाल) को सहिजकरणमा सु–सम्पन्न भयो । कार्यक्रममा उपस्थित सरोकारवाला र सहभागिको वृहद छलफल पश्चात तपसिल बमोजिमको **साझा सार्वजनिक प्रतिबद्धता**को घोषणा गर्दछौं ।

यो घोषणालाई कार्यन्वयन गर्नुलाई हामीले लक्षित वर्ग प्रति जवाफदेही बन्नु ठानेका छौं ।

**तपसिल :**

**प्रतिबद्धता नं १ :** गाउँपालिकाभित्रका स्वास्थ्य संस्थाबाट निशुल्क उपलब्ध हुने औषधिको अभाव हुन नदिन बिबिधता अपनाउने प्रतिबद्धता व्यक्त गर्दछौं ।

प्रतिबद्धता नं २ : शिक्षा क्षेत्र र स्वास्थ्य सेवाको गुर्णस्तर बृद्धी गर्न नियमित रुपमा अनुगमन गरी सुधार गर्नुपर्ने विषयमा सुधार गर्दै जाने प्रतिबद्धता ब्यक्त गर्दछौं ।

प्रतिबद्धता नं ३ : पालिकाभित्र निर्माणधिन, र अधुरा योजनाहरुको काम सम्पन्न गर्नका लागि निर्माण ब्यवसायीलाइ पत्राचार गरी छलफलका माध्यामबाट तत्काल काम सुचारु गर्न लगाउने प्रतिबद्धता ब्यक्त गर्दछौं ।

प्रतिबद्धता नं ४ : पालिकामा खानेपानीको समस्या समाधान गर्न अधुरो खानेपानी योजनालाइ पुर्णता दिन सम्बन्धित सरोकारवालाहरुसंग आवश्यक समन्वय गर्ने प्रतिबद्धता ब्यक्त गर्दछौं ।

प्रतिबद्धता नं ५ : पालिकाभित्रका सबै बिध्यालयहरुमा क्षात्र र क्षात्राको लागि छुट्टाछुट्टै सौचालयको ब्यवस्थापन गर्न आगामि आ.व. को योजनामा वजेट समावेश गर्ने प्रतिबद्धता ब्यक्त गर्दछौं ।

प्रतिबद्धता नं ६ : सार्वजनिक सुनुवाइको प्रभावकारिताको लागि आगामी दिनमा घुम्ति सार्वजनिक सुनुवाइ गर्ने र वडा स्तरमा समेत सार्वजनिक सुनुवाइको आयोजना गर्ने प्रतिबद्धता ब्यक्त गर्दछौं ।

प्रतिबद्धता नं ७ : पालिकाभित्र सञ्चालन हुने सम्पुर्ण योजनाहरुको गुर्णस्तरियता र प्रभावकारिताका लागि नियमित अनुगमन र मुल्याँकन गर्ने कार्यलाई थप प्रभावकारी बनाउने, समयमै योजना सञ्चालन र सम्पन्न गर्न तर्फ ध्यान केन्द्रित गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

**प्रतिबद्धतामा हस्ताक्षर गर्नेहरु :**

| | | |
|---|---|---|
| .....................<br>जंग बहादुर शाही<br>गा.पा. अध्यक्ष | .....................<br>मञ्जु कुमारी शर्मा (पाण्डे)<br>गा.पा. उपाध्यक्ष | .....................<br>उदयराज उपाध्याय<br>प्रमुख प्रशासकिय अधिकृत |
| .....................<br>सर्वराज सार्की<br>वडा अध्यक्ष वडा नं. १ | .....................<br>प्रकाश राज थापा<br>वडा अध्यक्ष वडा नं. २ | .....................<br>कृष्ण प्रसाद दहाल<br>वडा अध्यक्ष वडा नं. ३ |
| .....................<br>राम बहादुर शाही<br>वडा अध्यक्ष वडा नं. ४ | .....................<br>दिप बहादुर शाही<br>वडा अध्यक्ष वडा नं. ५ | .....................<br>रेशम बहादुर थापामगर<br>वडा अध्यक्ष वडा नं. ६ |
| ..................... | ..................... | ..................... |
| ..................... | ..................... | ..................... |
| ..................... | ..................... | ..................... |
| ..................... | ..................... | ..................... |

## अनुसूची ३

### नागरिक प्रतिवेदन (नागरिक सन्तुष्टि सर्वेक्षण)

---

सवेक्षणमा सहभागीहरु महिला ५७ जना पुरुष ४३ जना

| उमेर विवरण | | स्थान विवरण | | शिक्षा विवरण | |
|---|---|---|---|---|---|
| उमेर समूह | सहभागी संख्या | स्थान | सहभागी संख्या | शिक्षा | सहभागी संख्या |
| १० देखि १८ | ४ जना | महाबु गाउँपालिका वडा नं 1 | १८ जना | आधारभूत तह (कक्षा ८ पास) | 23 |
| १९ देखि २४ | १८ जना | महाबु गाउँपालिका वडा नं 2 | २६ जना | एस.ई.ई कक्षा १० पास | 20 |
| २५ देखि ३० | १३ जना | महाबु गाउँपालिका वडा न 3 | २ जना | सामान्य लेखपढ (कक्षा ७ भन्दा कम) | 38 |
| ३१ देखि ३५ | २० जना | महाबु गाउँपालिका वडा नं 4 | ३१ जना | कक्षा १२ पास | 17 |
| ३६ देखि ४० वर्ष | १२ जना | महाबु गाउँपालिका वडा नं 5 | २३ जना | स्नातकोत्तर तह | 1 |
| ४१ देखि ५० वर्ष | १५ जना | | | स्नातक तह | 1 |
| ५१ देखि ६० वर्ष | १४ जना | | | | |
| ६१ भन्दा माथि | ४ जना | | | | |
| जम्मा | १०० | | १०० | | १०० |

**प्रश्न खण्ड**

| | |
|---|---|
| 1 | **तपाइँले यस गाउँपालिकाबाट सेवा लिदा समग्रमा कतिको सन्तुष्ट हुनुहुन्छ ?** |
| | असन्तुष्ट 9 |
| | सन्तुष्ट 27 |
| | ठीकै 64 |
| 2 | **सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?** |
| | सन्तुष्ट 42 |
| | ठीकै 56 |
| | असन्तुष्ट 2 |
| 3 | **कार्यालयमा नियमित रुपमा पदाधिकारी र कर्मचारीको उपस्थिति, समय पालना, कार्य चुस्तता पाउनु भएको छ ?** |
| | छ 73 |
| | खै भेटिन मैले त 7 |
| | कहिले काहिँ भेटिन्छन् 15 |
| | छैन 5 |
| 4 | **तपाईले सेवा लिन जाँदा लाग्ने शुल्क बाहेक अतिरिक्त रकम तिर्नु भयो ?** |
| | तिरेको छैन 96 |
| | एकदमै कम 2 |
| | धेरै तिरेको 2 |
| 5 | **यस कार्यालयमा तपाईको समस्या कति दिनमा समाधान भयो ?** |
| | १ दिन 73 |
| | २ दिन 12 |
| | धेरै दिन 1 |
| | कामको प्रकृति अनुसार फरक फरक 14 |
| 6 | **यस कार्यालयमा कार्यरत कर्मचारीप्रति तपाईको विश्वास कत्तिको छ ?** |
| | धेरै विश्वास छ 39 |
| | विश्वास छैन 2 |
| | ठीकै विश्वास छ 59 |
| 7 | **यस कायार्लयले विपन्न वर्गको लागि छुट्याएको सेवा तथा वजेट प्रयोग गरेको थाहा पाउनु भएको छ ?** |
| | छैन 14 |

| | |
|---|---|
| | छ 54 |
| | अलि अलि थाहा छ 7 |
| | खै थाह छैन 25 |
| **8** | **यस कार्यालयले प्रदान गरेको सेवाको बारेमा अरुलाई जानकारी तथा कत्तिको प्रचार गर्नु भएको छ ?** |
| | सके सम्म गर्ने गरेको छुँ 44 |
| | गरेको छैन 24 |
| | ठिकै गर्ने गरेको छुँ 32 |
| **9** | **तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ?** |
| | कसैको सहयोग नलिई आफै 95 |
| | जनप्रतिनिधि 1 |
| | मध्यस्थकर्ता 1 |
| | गाउँका ठूलाबडा 3 |
| **10** | **गाउँपालिका कार्यालयको भौतिक अवस्था कस्तो छ ?** |
| | ठीकै छ 65 |
| | अति राम्रो छ 27 |
| | तत्काल भौतिक संरचना बनाउनु पर्नेछ । 5 |
| | खराब छ 3 |
| **11** | **गाउँपालिकामा सञ्चालन गरिने सावर्जनिक कार्यक्रममा सीमान्तकृत वर्गको उपस्थिति कति प्रतिशत सम्म हुने गरेको छ ?** |
| | ५० प्रतिशत 41 |
| | २० प्रतिशत 33 |
| | थाहा छैन 23 |
| | सहभागिता हुँदैन 1 |
| | १०० प्रतिशत 2 |
| **12** | **कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ?** |
| | ठीक ठीकै छ 67 |
| | सुमधुर सम्बन्ध छ 29 |
| | खासै राम्रो छैन 4 |
| **13** | **तपाइको विचारमा सेवाग्राहीले नागरिक वडा पत्रको उपयोग कुन हदसम्म गरेका छन ?** |
| | धेरै गरेका छन् 33 |
| | कम गरेका छन् 54 |
| | नागरिक बडापत्र नै छैन 1 |
| **14** | **सिफारिसको लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनु भयो ?** |
| | ठीकै पाएँ 33 |
| | पाएँ 57 |
| | स्पष्ट पाइँन 11 |
| **15** | **पालिकाले राजस्व, शुल्क, सेवादस्तुर को–कोसँग उठाउने गर्दछ ?** |
| | राजश्व बुझाउनु पर्ने सबै व्यक्तिसँग उठाउँछ 54 |
| | सीमित व्यक्तिसँग मात्र उठाउँछ 17 |
| | सबैसँग उठाउँछ 29 |
| **16** | **कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?** |
| | राम्रो छ 47 |
| | ठीकै छ 50 |
| | खराब छ 3 |
| **17** | **कार्यालयमा सेवा प्रवाह र कार्यसम्पादन सम्बन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कत्तिको गरिन्छ?** |
| | खै मैले त गुनासो नै गरेको छैन 19 |
| | पटक पटक भने पछि मात्रै हुन्छ 30 |
| | तुरुन्तै हुन्छ 47 |
| | जति भने पनि हुन्न 4 |

| | |
|---|---|
| **18** | **तपाईको विचारमा वडा/पालिकाले पूर्वाधार सम्बन्धी कार्यक्रम कस्तो किसिमले गर्छ ?** |
| | ठीकै गर्छ 58 |
| | नियमित र राम्रोसँग गर्छ 26 |
| | मलाई थाह छैन 7 |
| | नियमित रुपमा गर्दैन 8 |
| | असार लागेपछिको काम हुन्छ 1 |
| **19** | **तपाईको पालिकामा विकास निर्माणको स्थिति कस्तो छ?** |
| | राम्रो छ 28 |
| | ठीकै छ 56 |
| | खै के भन्ने 7 |
| | खराब छ 9 |
| **20** | **तपाईको पालिकामा संचालन गरेका आयोजनाहरु कत्तिका प्रभावकारी छन् ?** |
| | प्रभावकारी छन् 29 |
| | ठीक छन् 54 |
| | खै के भन्ने 3 |
| | प्रभावकारी छैनन् 14 |
| **21** | **पालिकाको आयोजना सम्पन्न भएपछि जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?** |
| | पर्दैन 58 |
| | मागेरै लिन्छन् 4 |
| | मलाई थाह छैन 18 |
| | उपभोक्ता समिति र निमार्ण कार्न्यमा मैले काम गरेको छैन 19 |
| | रकम नदिए अप्ठ्यारो पार्छन् 1 |
| **22** | **आयोजना सञ्चालन गर्दा पालिकावाट प्राविधिक सहयोग कत्तिको पाउनु भयो ?** |
| | सजिलै पाइन्छ 37 |
| | कहिलेकाँही पाइन्छ 36 |
| | माग गर्दा पनि पाइदैन 4 |
| | आयोजनामा मैले काम नै गरेको छैन 23 |
| **23** | **काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ?** |
| | जटिल 6 |
| | अति सरल 18 |
| | ठीकै 76 |
| **24** | **पालिकाको आम्दानी र खर्च कार्यालय बाहिर सूचना पाटीमा टाँसेको देख्नुभयो ?** |
| | खै कतै देखिएन 26 |
| | टाँसेको देखेको छुँ 20 |
| | खै मैले त त्यतातिर ध्यान नै दिएको छैन 42 |
| | कहिलेकाही टाँसेको देखिन्छ 12 |
| **25** | **योजना तथा कार्यक्रमको अनुगमन, मूल्यांकन भएको थाह पाउनु भएको छ ।** |
| | हो अनुगमन मूल्यांकन हुने गरेको छ । 40 |
| | खै थाह छैन 46 |
| | हुदैन 3 |
| | प्रभावकारी मूल्यांकन हुँदैन 11 |
| **26** | **यस पालिकाको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?** |
| | जानकारी पाएको छुँ 33 |
| | अलि अलि जानकारी पाएको छुँ18 |
| | कुनै जानकारी पाएको छैन 18 |
| | मैले त खोजी नै गरेको छैन 31 |
| **27** | **पालिकाले निर्माण गरेका ऐन, नियम, निर्णय, बजेट कार्यक्रम, कार्यप्रगति आदी सम्बन्धी विवरण सार्वजनिक हुने गर्दछ ?** |

| | |
|---|---|
| | हुने गरेको छ 42 |
| | हुने गरेको छैन 13 |
| | खै मलाई त थाह छैन 45 |
| **28** | **सार्वजनिक हुने माध्यम के के हुन् ? (यो उत्तर माथि हुने गरेको छ भन्ने ४२ जनाले मात्र दिएको उत्तर हो। किनकी हुने गरेको छैन भन्नेले माध्यम पनि भन्न सक्दैन ।)** |
| | सामाजिक संजाल 6 |
| | सार्वजनिक सुनुवाई 26 |
| | जनप्रतिनिधि घरदैलो र भेटघाट 2 |
| | सूचना पाटी 2 |
| | अन्य 1 |
| | वेवसाइट 5 |
| **29** | **पालिकाको कार्यालयबाट तपाईले चाहेको विवरण माग गर्दा वा आवश्यक पर्दा पाउँनु भएको छ ?** |
| | धेरै पटक भनेपछि पाएँ 31 |
| | सहजै पाएँ 51 |
| | वास्ता नै गरिएन 17 |
| | जति भनेपनि पाइएन 1 |
| **30** | **त्यस कार्यालयको आवश्यक सबै विवरण, सूचना, जानकारी, तथ्यांक भौतिक तथा कम्प्युटर प्रणालीमा सुरक्षित रहेको र सजिलै प्राप्त गर्ने गरी व्यवस्थापन भएको छ ।** |
| | व्यवस्थापन भएको देखिन्छ 52 |
| | आशिंक भएको देखिन्छ 42 |
| | भएको छैन 6 |
| **31** | **यस पालिकाले राम्रा पक्षहरु के के छन् ?** |
| | a) पालिकाले नियमित रुपमा सरसफाई कार्यक्रम गर्ने गरेको छ । |
| | b) जनप्रतिनिधिहरु नियमित रुपमा घरदैलोमा आउने गर्छन । |
| | c) पालिकाले युवाहरुको लागि नियमित खेलकुद कार्यक्रम गर्ने गरेको छ । |
| | d) सामाजिक सरक्षा भत्ता वडा कार्यालयबटै वितरण गरिनु राम्रो पक्ष हो । |
| | e) पालिकाले कृषि तथा विउ विजन वितरण कार्यक्रमलाई प्राथामिकतामा राखेको छ । |
| | f) भौतिक पूर्वाधारहरुको विकास निर्माण कार्यले तिव्रता लिएको छ । |
| | g) पालिकाले सार्वजनकि सुनुवाई कार्यक्रम नियमित रुपमा गर्ने गरेको छ । |
| | h) विकासका पूर्वाधार खानेपानी र विजुलीको विस्तार पालिकाले गरेको छ । |
| | i) पालिकाले माग गरेको सूचना तथा विवारण सहज रुपमा उपलब्ध गराउने गरेको छ । |
| | j) स्वस्थ्य सेवा विस्तार भएको छ । |
| **32** | **यस पालिकाले सुधार गर्नुपर्ने पक्षहरु के के छन् ?** |
| | a) सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्दा व्यापक प्रचार प्रसार गर्नुपर्ने । |
| | b) पालिकाभित्रका विद्यालयहरुको प्रभावकारी अनुगमन गरीनुपर्ने र शिक्षाको गुणस्तर वृद्धिमा जोड दिनुपर्ने । |
| | c) कार्यक्रम र योजनाको प्रभावकारी मूल्यांकन गरिनुपर्ने । |
| | d) विद्यालयमा इ हाजिरी प्रणाली सुरु गरिनुपर्ने । |
| | e) मर्मत सम्भारका कार्यक्रमलाई तिव्रता दिनुपर्ने । |
| | f) स्वास्थ्य चौकीबाट निशुल्क पाउनुपर्ने औषध विरामीलाई तत्काल उपलब्ध हुने व्यवस्था मिलाउने । |

मन भण्डारी

कार्यक्रम प्रबन्धक, बास नेपाल